जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८६ पृष्ठः ४ | २०८३ साउन ०७ विहीबार (Thursday 23 July 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## सिरहाका इन्स्पेक्टर मल्ल मधेश प्रदेशको सर्वोत्कृष्ट प्रहरी घोषित



**विनय आजाद**

सिरहा, ६ साउन। सिरहामा कार्यरत नेपाल प्रहरीका प्रहरी निरीक्षक विशाल मल्ल मधेश प्रदेशको सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन्। मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरले प्रहरी निरीक्षक मल्ललाई असार महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेको हो। मधेश प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले बुधबार एक कार्यक्रमबीच मल्ललाई प्रशंसापत्र र पुरस्कारसहित सम्मान गरे। मल्लले सांगठनिक जिम्मेवारी पूर्ण रूपमा लगनशील र कर्तव्यनिष्ठ भई निर्वाह गरेको, समाजमा शान्ति सुरक्षा कायम राख्न र अपराध अनुसन्धान तथा लागूऔषध नियन्त्रण गर्न महत्त्वपूर्ण भूमिका खेलेको मधेश प्रहरीले जनाएको छ।

सिरहास्थित इलाका प्रहरी कार्यालय, महेशपुर पतारका प्रमुख रहेका प्रहरी निरीक्षक मल्लले गत असार ७ मा सिरहा नगरपालिका–२१ लगडीगोठबाट कुख्यात लागूऔषध कारोबारी भारतीय नागरिक २८ वर्षीय छोटु भन्ने रंजितकुमार पासवान र नवराजपुर गाउँपालिका–५ स्थित सीमावर्ती क्षेत्रबाट असार १९ मा भारतको मधुवनी जिल्लाका अब्दुल कलामलाई खुट्टामा गोली प्रहार गरी लागूऔषधसहित नियन्त्रणमा लिएका थिए।

यस्तै, सिरहाको नवराजपुर गाउँपालिका–३ स्थित दोनवारी टोलकी २४ वर्षीया आनन्दी सदाय मृत्यु प्रकरणका अभियुक्तहरू २२ वर्षीय सञ्जीव यादव र ३२ वर्षीय श्यामसुन्दर यादवलाई समेत मल्लको कमान्डमा खटिएको प्रहरी टोलीले सीमावर्ती क्षेत्रबाट खोजतलास गरी पक्राउ गरेको थियो।

## ६ अर्ब ६ करोड ७८ लाख राजस्व संकलन




जनकपुरधाम, ६ साउन। बजारमा देखिएको आर्थिक तरलताका बाबजुद आन्तरिक राजस्व कार्यालय जनकपुरधाम, धनुषाले आर्थिक वर्ष २०८२/८३ मा रु छ अर्ब छ करोड ७८ लाख ८८ हजार राजस्व संकलन गरेको छ।

आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताका अनुसार विभिन्न अभियानमार्फत पुरानो बक्यौता असुली र बजार अनुगमनलाई तीव्रता दिएपछि लक्ष्यको ८८ दशमलव ४९ प्रतिशत राजस्व संकलन भएको हो। आव २०८२/८३ मा सो कार्यालयले अन्तशुल्कतर्फ रु दुई अर्ब ५५ कारेड

–बाँकी अन्तिम पेजमा

## मधेस प्रदेश सरकारद्वारा सिरहा र सप्तरीका एक हजार २०१ परिवारलाई आवास निर्माण




सिरहा, ६ साउन। केही वर्षअघिसम्म वर्षात् लाग्नेबित्तिकै फुसको छानो चुहिने, हुरीबतास चल्दा रातभर निद्रा हराउने र आगलागीको त्रासमा दिन बिताउने सिरहा र सप्तरीका एक हजार २०१ विपन्न परिवारका लागि अहिले जीवन नै फेरिएको छ।

फुसको अस्थायी टहराबाट पक्की घरमा सरेसँगै ती विपन्न परिवारहरूको दैनिक जीवन सुरक्षित, सम्मानित र आशावादी बनेको छ। मधेस प्रदेश सरकारले सञ्चालन गरेको जनता आवास, महेन्द्रनारायण निधि विपन्न आवास र विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रम अन्तर्गत सिरहा र सप्तरीका गरी एक हजार २०१ परिवारले पक्की घर प्राप्त गरेका छन्। दलित, विपन्न र सीमान्तकृत समुदायको जीवनस्तर उकास्ने सामाजिक अभियानका रूपमा स्थापित हुँदै गएको छ।

ती जिल्लाका अधिकांश दलित तथा विपन्न परिवार वर्षौंदेखि फुसको छानो भएको झुपडीमा बस्दै आएका थिए। "वर्षा लागेपछि घरभित्रै पानी चुहिन्थ्यो, गर्मीमा अत्यधिक ताप सहनुपर्थ्यो, आगलागीको जोखिम त झन् सधैंको चिन्ता थियो", सिरहाको सिरहा नगरपालिका–९ निवासी

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय–समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट–विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय–समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।
- शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## अलपत्र पुल र जवाफदेहिताको प्रश्न

सिरहाको दक्षिणी सीमावर्ती बरियारपट्टी गाउँपालिका–२ र ३ लाई जोड्ने त्रिशुला खोलामाथि निर्माणाधीन पुल चार वर्षदेखि अलपत्र पर्दा स्थानीयवासीले भोग्दै आएको सास्ती फेरि एकपटक सार्वजनिक भएको छ। यसपटक भने समस्याले सकारात्मक मोड पनि लिएको छ। इलाका प्रहरी कार्यालय महेशपुर पताराका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लको पहलमा प्रहरी र स्थानीयवासीको संयुक्त श्रमबाट अस्थायी पुल निर्माण भएपछि वर्षायाममा अवरुद्ध हुँदै आएको आवागमन पुनः सञ्चालनमा आएको छ। यो कार्यले सरकारी निकाय र समुदायबीचको सहकार्यको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ। तर यो उपलब्धिले विकास निर्माणमा देखिएको चरम लापरबाहीलाई ढाक्न सक्दैन। बरु यस घटनाले विकास आयोजनामा व्याप्त ढिलासुस्ती, कमजोर अनुगमन र जवाफदेहिताको अभावलाई थप उजागर गरेको छ।

मधेश प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालय सिरहामार्फत २०७८ असार २१ गते २० महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी करिब ६ करोड ९२ लाख रुपैयाँको लागतमा पुल निर्माणको ठेक्का दिइएको थियो। सम्झौताअनुसार २० महिनामै पुल सञ्चालनमा आउनुपर्ने थियो। तर चार वर्ष बितिसक्दा पनि पुल सञ्चालनमा आउन सकेको छैन। पुलको मुख्य संरचनाको काम अधिकांश सम्पन्न भए पनि एप्रोच सडक, नदी नियन्त्रण तथा अन्य आवश्यक संरचनाको काम अधुरै छ। परिणामस्वरूप करोडौँ रुपैयाँ खर्च भएको पुल स्थानीयका लागि उपयोगहीन बनेको छ। विकास निर्माणको उद्देश्य नागरिकलाई सुविधा दिनु हो, तर यहाँ निर्माणाधीन पुल नै नागरिकका लागि समस्या बनेको छ।

वर्षायाम सुरु भएसँगै त्रिशुला खोलामा आउने बाढीका कारण बरियारपट्टी, मेदिनीपुर पतारी, ब्रह्मपुरी, हरिपुर, बलुवालगायत गाउँका बासिन्दा नियमित रूपमा समस्यामा पर्ने गरेका छन्। विद्यार्थी विद्यालय जान कठिन हुन्छ, बिरामीलाई अस्पताल पुर्‍याउन ढिलाइ हुन्छ, किसानको उत्पादन बजारसम्म लैजान सकिँदैन र दैनिक ज्यालादारी गर्ने श्रमिकको आम्दानीसमेत प्रभावित हुन्छ। यति मात्र होइन, सुरक्षा निकायको नियमित गस्तीसमेत प्रभावित हुने अवस्था सिर्जना भएको छ। प्रहरी निरीक्षक विशाल मल्ल स्वयं गस्तीका क्रममा खोलामा आएको बाढीका कारण फर्किन बाध्य भएका थिए। त्यसपछि स्थानीयसँग मिलेर अस्थायी पुल निर्माण गर्ने निर्णय गरिएको थियो। यो निर्णयले तत्कालका लागि राहत दिएको छ, तर राज्यको जिम्मेवारी नागरिकको आधारभूत आवश्यकता अस्थायी संरचनाले पूरा गर्ने होइन, दिगो पूर्वाधार निर्माण गर्ने हो। यो घटनाले अर्को महत्वपूर्ण प्रश्न पनि उठाएको छ, जब प्रहरी र स्थानीयवासीले एक दिनमै अस्थायी पुल निर्माण गर्न सक्छन् भने निर्माण कम्पनीले चार वर्षसम्म किन काम पूरा गर्न सकेन? के आर्थिक अभाव थियो? के प्राविधिक समस्या थियो? वा सम्बन्धित निकायको निगरानी कमजोर थियो? यस्ता प्रश्नको स्पष्ट जवाफ सम्बन्धित निकायले दिनैपर्छ। सार्वजनिक रकम खर्च हुने आयोजनामा ढिलासुस्ती हुनु सामान्य विषय होइन। हरेक दिनको ढिलाइले नागरिकको समय, श्रम र आर्थिक क्षतिसमेत बढाइरहेको हुन्छ।

नेपालमा सार्वजनिक निर्माणका धेरै आयोजना समयमै सम्पन्न नहुने प्रवृत्ति नयाँ होइन। सडक, पुल, खानेपानी, सिंचाइ वा सरकारी भवन—अधिकांश ठूला आयोजनामा निर्माण कम्पनीले सम्झौता अवधि नाघ्ने, पटक–पटक म्याद थप्ने र अन्ततः गुणस्तरसमेत कमजोर हुने समस्या दोहोरिँदै आएको छ। यसको मुख्य कारण निर्माण व्यवसायीको लापरबाही मात्र होइन, सरकारी निकायको कमजोर अनुगमन, राजनीतिक संरक्षण र सम्झौता कार्यान्वयनमा देखिने उदारता पनि हो। समयमै काम नगर्ने निर्माण कम्पनीलाई कानुनअनुसार जरिवाना, कालोसूची वा ठेक्का रद्द गर्ने व्यवस्था भए पनि व्यवहारमा ती प्रावधान प्रभावकारी रूपमा लागू हुन सकेका छैनन्। यही कारणले निर्माण व्यवसायीमा जिम्मेवारीभन्दा ढिलासुस्ती गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। अब सम्बन्धित मन्त्रालय, पूर्वाधार विकास कार्यालय र स्थानीय सरकार केवल निरीक्षण र निर्देशनमा सीमित हुनु हुँदैन। निर्माण कम्पनीसँग स्पष्ट समयसीमा तोकेर बाँकी काम तत्काल सम्पन्न गराउनुपर्छ। यदि निर्माण व्यवसायीले पुनः लापरबाही गर्छ भने कानुनबमोजिम कडा कारबाही गर्न हिच्किचाउनु हुँदैन। साथै, निर्माणको गुणस्तरमा कुनै सम्झौता नगरी एप्रोच सडक, नदी नियन्त्रण र अन्य बाँकी संरचना यथाशीघ्र सम्पन्न गरी पुल सञ्चालनमा ल्याइनुपर्छ।

विकासको मापन केवल बजेट खर्च वा शिलान्यास समारोहबाट हुँदैन। नागरिकले सुरक्षित, सहज र गुणस्तरीय सेवा प्राप्त गरेपछि मात्र विकासको अर्थ हुन्छ। त्रिशुला खोलाको पुल समयमै सम्पन्न नहुनु केवल एउटा निर्माण आयोजनाको असफलता होइन, सार्वजनिक प्रशासनको जवाफदेहिता र विकास व्यवस्थापनको कमजोरीको प्रतीक हो। प्रहरी र स्थानीयवासीको सहकार्यले अस्थायी समाधान दिएको छ, तर अब राज्यले स्थायी समाधान दिन ढिलाइ गर्नु हुँदैन। नागरिकले चार वर्षदेखि भोग्दै आएको सास्ती अन्त्य गर्ने जिम्मेवारी सम्बन्धित निकायको हो, र त्यो जिम्मेवारी अब थप टार्ने कुनै नैतिक वा कानुनी आधार छैन।

# दलविरोधी भाष्य र बहुदलीय लोकतन्त्रको नयाँ संकट



सर्वेश शर्मा

राजा महेन्द्रले २०१७ सालमा निमोठेको प्रजातन्त्र २०४६ सालको जनआन्दोलन, २०६२/६३ को आन्दोलन र नयाँ संविधान हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा पुनः स्थापित भयो। तर संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र सुनिश्चित गरिसकेको, नियमित निर्वाचन भइरहेका र लोकतान्त्रिक संस्थाहरू औपचारिक रूपमा क्रियाशील देखिए पनि आज लोकतन्त्र भने असामान्य रूपमा रक्षात्मक अवस्थामा पुगेको अनुभूति हुन थालेको छ। यो निष्कर्ष अतिरञ्जित लाग्न सक्छ। तर पछिल्ला राजनीतिक घटनाक्रम, विशेषतः २०८२ भदौ २४ पछिको शक्ति समीकरण, त्यसपछि विकसित राजनीतिक भाष्य र नयाँ सरकारका प्रारम्भिक संकेतहरूले लोकतान्त्रिक संस्थाभन्दा व्यक्तिकेन्द्रित राजनीति बलियो बन्दै गएकोमा चिन्ता लाग्नु अस्वाभाविक होइन।

नेपालका सबै प्रमुख राजनीतिक परिवर्तनहरूको केन्द्रमा राजनीतिक दल नै रहेका छन्। आन्दोलन, संविधान निर्माण र शासन प्रणालीका हरेक मोडमा दलका नेताहरूले नेतृत्व गरेको इतिहास छ। लोकतन्त्रमा विचार, संगठन, नीति र जनउत्तरदायित्व बोकेका राजनीतिक दल अपरिहार्य हुन्छन्। त्यसैले दलप्रतिको असन्तुष्टि स्वाभाविक भए पनि बहुदलीय प्रणालीप्रतिको अविश्वासलाई लोकतन्त्रको विकल्पका रूपमा प्रस्तुत गरिनु गम्भीर विषय हो।

**निर्दलीयताको पुनरागमनको भाष्य**

विसं २०४६ पछि पनि निर्दलीय पञ्चायतका समर्थकहरू विभिन्न रूपमा सक्रिय रहे। नयाँ संविधान जारी भएपछि "दलहरू असफल भए", "नेताहरूले देश बिगारे" भन्ने भाष्य नियोजित रूपमा फैलाउन थालियो। दलका नेताहरूको कमजोरी यथार्थ थियो तर त्यसको समानान्तर लोकतान्त्रिक प्रक्रियाभित्र नयाँ र सक्षम राजनीतिक शक्ति निर्माण गर्ने प्रयास अपेक्षितरूपमा अघि बढेन। परिणामतः असन्तुष्टि सुधारतर्फ नभएर दलहरूप्रतिकै वितृष्णातर्फ मोडियो।

यही मनोविज्ञान भदौ २४ पछिको राजनीतिक परिवर्तनमा स्पष्ट देखियो। पुराना दलप्रतिको असन्तुष्टि 'घन्टी' चुनाव चिन्हप्रति आकर्षणको माध्यम बन्यो। त्यो मत विकसित वैचारिक धारभन्दा पनि स्थापित नेतृत्वप्रतिको असन्तोषको अभिव्यक्ति बढी थियो। निर्वाचनपछि प्रत्यक्ष दलविरोधी अभियान केही मत्थर देखिए पनि त्यसको आधारभूत प्रवृत्ति भने समाप्त भएको छैन।

**रास्वपाको वास्तविक परीक्षा**

राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारको नेतृत्व गर्न सफल भएको छ। अब उसको सबैभन्दा ठूलो चुनौती चुनाव जित्नु नरहेर चुनावी जनसमर्थनलाई स्थायी राजनीतिक संगठनमा रूपान्तरण गर्नु हो। चुनाव चिन्हले विजय दिलाउन सक्छ तर लोकतान्त्रिक राजनीति भने विचार, संगठन, आन्तरिक लोकतन्त्र र संस्थागत उत्तरदायित्वमा मात्र टिक्छ। लोकप्रियता संस्थागत संस्कृतिमा रूपान्तरण हुन सकेन भने आकस्मिक जनलहर क्षणमै हराउन सक्छ। निर्वाचनअघिसम्म रास्वपाले क्रमशः राजनीतिक दलका रूपमा विकसित हुने संकेत देखाइरहेको थियो। तर सरकार गठनपछिका प्रारम्भिक गतिविधिले पार्टी र सरकारबीचको सम्बन्ध कति संस्थागत हुन्छ भन्ने प्रश्न उठाएको छ। यही प्रश्नको उत्तरले यसको दीर्घकालीन भविष्य निर्धारण गर्नेछ।

**संसदीय व्यवस्थाको आधार**

संसदीय लोकतन्त्र व्यक्तिको लोकप्रियताभन्दा संस्थागत उत्तरदायित्वमा टिकेको हुन्छ। प्रधानमन्त्री जनताप्रति मात्र होइन आफ्नै संसदीय दल र संसद्प्रति पनि उत्तरदायी हुन्छ। यही उत्तरदायित्वले कार्यकारी शक्तिलाई लोकतान्त्रिक सीमाभित्र राख्छ। यस सन्दर्भमा अहिले उठेका प्रश्नहरू महत्वपूर्ण छन्। पार्टीभित्र निर्णय प्रक्रिया कति संस्थागत हुन्छ ? संसदीय दलको भूमिका कति प्रभावकारी रहन्छ ? सरकार सञ्चालनमा सामूहिक निर्णयको अभ्यास हुन्छ कि व्यक्ति निर्णायक हुन्छ ? पार्टी, संसदीय दल र संसद्को भूमिका क्रमशः कमजोर हुँदै गयो भने त्यसले एउटा दलमात्र होइन समग्र संसदीय प्रणालीलाई असर पार्न सक्छ।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहको व्यक्तिकेन्द्रित राजनीतिक शैलीले ठूलो जनसमर्थन पायो। तर स्थानीय तहमा प्रभावकारी देखिएको शैली राष्ट्रिय संसदीय राजनीतिमा जस्ताको तस्तै लागु हुन्छ भन्ने छैन। संसदीय शासनमा निर्णय दल, संसद्, मन्त्रिपरिषद् र संवैधानिक संस्थाबीचको निरन्तर समन्वयबाट अघि बढ्छ। त्यसैले लोकप्रियता लोकतान्त्रिक संस्थागत अभ्यासभित्र कसरी समाहित हुन्छ भन्ने प्रश्न नै अहिले निर्णायक बनेको छ।

**दुईतिहाइ बहुमत र संविधान संशोधन**

संसदीय व्यवस्थामा सरकार सञ्चालनका लागि संसद्को स्पष्ट बहुमत आवश्यक हुन्छ। तर दुईतिहाइ बहुमतलाई असीमित राजनीतिक अधिकारका रूपमा बुझ्नु उचित हुँदैन। संविधान संशोधनका लागि संख्यामात्र होइन, व्यापक राजनीतिक सहमति र राष्ट्रिय स्वीकार्यता पनि अपरिहार्य हुन्छ। त्यसैले संविधान संशोधनलाई दैनन्दिन राजनीतिक प्रतिस्पर्धाभन्दा माथि राखेर हेर्नु लोकतान्त्रिक परिपक्वताको संकेत हो।

त्यसैगरी, राजनीतिक अस्थिरताको समाधानका रूपमा प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस पनि तीव्र बन्दै गएको छ। तर शासन प्रणालीको सफलता निर्वाचनको विधिमा होइन राजनीतिक संस्कार, संस्थागत क्षमता र कानुनको शासनमा निर्भर गर्छ। कार्यकारी प्रत्यक्ष निर्वाचित भए पनि संसद्, राजनीतिक दल, न्यायपालिका र संवैधानिक संस्थाबीचको सन्तुलन अपरिहार्य रहन्छ।

**लोकतन्त्रको मूल प्रश्न**

नेपालको अहिलेको वास्तविक चुनौती कुनै एउटा दल वा सरकारभन्दा ठूलो छ। प्रश्न यो हो –दलप्रतिको जनअसन्तुष्टिलाई लोकतान्त्रिक सुधारतर्फ लैजाने कि संस्थाप्रतिको अविश्वासतर्फ ? दलहरू आलोचनाभन्दा माथि छैनन्। शासन, सुशासन, आन्तरिक लोकतन्त्र र नेतृत्व विकासमा देखिएका कमजोरीकै कारण नयाँ राजनीतिक शक्तिका लागि अवसर सिर्जना भएको हो। तर त्यसको समाधान दलीय व्यवस्थालाई अस्वीकार गर्नु होइन त्यसलाई सुधार्नु हो।

लोकतन्त्रमा पुराना दल कमजोर हुन सक्छन्, नयाँ दल जन्मन सक्छन् र नेतृत्व फेरिन सक्छ। यही लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो। तर राजनीतिक दलको विकल्प व्यक्तिवाद वा निर्दलीयता बन्न सक्दैन। आजको आवश्यकता कुनै एक दलको रक्षा गर्नु नभएर संसदीय लोकतन्त्रका संस्थागत आधारलाई बलियो बनाउनु हो। सशक्त प्रतिपक्ष, उत्तरदायी सरकार, स्वतन्त्र न्यायपालिका, जिम्मेवार सञ्चारमाध्यम र सचेत नागरिक समाजले मात्र लोकतन्त्रलाई दीर्घकालसम्म सबल बनाउन सक्छन्। दलप्रतिको असन्तुष्टिको आवेगमा लोकतान्त्रिक संस्थाहरूप्रतिको विश्वास नै कमजोर बनाइयो भने त्यसको मूल्य वर्तमानले मात्र होइन भावी पुस्ताले पनि चुकाउनुपर्ने हुन सक्छ। लोकतन्त्रको भविष्य कुनै एक नेताको सफलतामा होइन संस्थाहरूको सबलतामा निर्भर गर्छ।बाह्रखरीबाट

# सुशासन, असल शासनको अभ्यास

**उद्धव सिलवाल**

काठमाडौँ, ६ साउन। सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ ले मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरेको छ।

यसमा सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताका रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने उल्लेख छ।

जनताद्वारा गरिने शासनलाई लोकतान्त्रिक शासन भनिन्छ। विश्व बैंकले सुशासनका विशेषताको आयाममा सहभागिता, पादर्शीता, जवाफदेहिता, प्रभावकारिता, कानुनी शासन, भ्रष्टाचाररहितता, समावेशीकरण, प्रभावकारिता, दक्षता र संवेदनशीलतालाई लिने गर्दछ। बैंकका अनुसार सुशासन भनेको कुनै पनि देशमा अधिकार प्राप्त निकायलाई शासन सञ्चालन गर्ने अधिकार दिइएको हुन्छ। यसमा सरकारहरूले नीतिहरू प्रभावकारी रूपमा तर्जुमा र कार्यान्वयन गर्ने, सरकारको क्षमतालाई छान्ने, अनुगमन गर्ने, प्रतिस्थापना गर्ने प्रक्रिया र उनीहरूबीच आर्थिक एवं सामाजिक अन्तरक्रिया गर्ने, संस्थाका लागि नागरिक तथा राज्यको सम्मान समावेश गरिएको हुन्छ।

वर्तमान विश्वमा सूचना प्रविधिको विकाससँगै डिजिटल गभर्नेन्स वा इ–गभर्नेन्स सुशासनको सबैभन्दा प्रभावकारी अस्त्रका रूपमा रहेको छ। वर्तमान सरकारले पनि आफ्नो नीति तथा कार्यक्रममा इ–गेटदेखि इ–पासपोर्टसम्मको कुरालाई प्राथमिकता दिएको छ। बजेटमा पनि सुशासनलाई महत्व दिइएको छ। यसका लागि सरकारसँगै कर्मचारी संयन्त्रको ठूलो भूमिका हुन्छ।

सुशासन यस्तो आधारशीला हो, जसलाई टेकेर समृद्धि र जनताको अपेक्षा पूरा गर्न सकिन्छ। प्रजातन्त्रमा जनताको स्वर नीति निर्माण तहमा पुग्नुपर्छ। अनि मात्रै कानुनी राज्यको प्रत्याभूति लागू हुन्छ। भोट राजनीति हाबी भएका कारण चुनावका बेला मात्रै जनतालाई सम्झने परिपाटीले सुशासनको धरातल कमजोर बनेको थियो। लामो समय देश राजनीतिक अस्थिरता, अनिश्चितता, भ्रष्टाचार, कुशासन, हिंसात्मक द्वन्द्वबाट पार हुँदै आजको ठाउँमा आइपुगेको हो। सोही कारण आमनागरिकको खुसीको स्तर अझसम्म पनि बढ्न सकेको देखिँदैन।

त्यसैले वर्तमान सरकाराले आफ्नो चुनावी वाचापत्र, सरकार गठनपछिको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची, नीति तथा कार्यक्रम र बजेटमा पनि सुशासनलाई उच्च प्राथमिकता दिएको छ। शासकीय सुधारसम्बन्धी कार्यसूचीमा राजनीतिक हस्तक्षेपमुक्त सार्वजनिक

–बाँकी तीन पेजमा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लहान प्राविधिक शिक्षालय

**लहान, सिरहा**

**मधेश प्रदेश, नेपाल**

सूचना ! सूचना !! सूचना !!!

मिति: २०८३/०४/०६

यस शिक्षालयमा चमेना गृह संचालन गर्न इच्छुक नेपाली नागरिकहरुले शिक्षालयको प्रशासन शाखाबाट उपलब्ध हुने फारम वापत रु.१००।०० (अक्षरुपी : एक सय मात्र ।) शिक्षालयको लेखा शाखामा बुझाई फारम भरी २०८३/०४/०६ गते देखि साउन महिनाको २० गते बुधबार दिनको १२:०० बजे भित्र तपसिलका आवश्यक कागजताहरु सहित शिलबन्दी गरी दरभाउपत्र दर्ता गराउन हुन अनुरोध छ। दरभाउपत्र २०८३ साउन २१ गते दिउंसो २:०० बजे शिक्षालयको बैठक कक्षमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ। सामाग्रीहरुको कवोल दर रेट रकमलाई जम्मा गर्दा न्यूनतम कवोल गर्ने दरभाउपत्र दातासंग चमेना गृह संचालन गर्न सम्झौता गरीनेछ। साथै चमेना गृह संचालन गर्न चमेना गृह भवन, पानी, न्युनतम फर्निचर र शौचालय समेत यस शिक्षालयले उपलब्ध गराईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

१. नागरिकताको फोटोकपी ।

२. फर्म दर्ताको फोटोकपी।

३. धरौटी रकम (कबुल गरेको रकमको ५% रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय लहान, सिरहाको च.हि.न. २२६०१००००६१७००१ मा जम्मा गरेको सक्कलै भौचर ।)

**मोहन बहादुर कार्की**

**शिक्षालय प्रमुख**


# सर्वोच्चमा मुद्दाको चाङ घट्दैन, नागरिक न्यायबाट टाढिँदै

**किरण पौडेल**

काठमाडौं, ६ साउन। 'ढिलो न्याय दिनु न्याय नदिनु सरह हो,' न्यायिक सिद्धान्तले यही भन्छ। नेपालको सर्वोच्च अदालतमा मुद्दाको चाङ हेर्ने हो भने नागरिकले यही अनुभव गर्नुपर्ने अवस्था छ। सर्वोच्चको तथ्यांकअनुसार अहिले विचाराधीन मुद्दाको संख्यामात्रै २७ हजारभन्दा बढी छन्, जसमा ८ वर्ष नाघेको मुद्दा पनि छन्। अर्थात् नागरिकले न्याय पाउन सर्वोच्च धाउने क्रम ८ वर्षसम्म पनि सकिएको छैन। किन यस्तो भइरहेको छ त ? सर्वोच्चमा लागेको मुद्दाको जाम घटाउने केही उपाय छैन ?

सर्वोच्च अदालतको पछिल्लो तथ्यांकअनुसार असार मसान्तसम्म विचाराधीन मुद्दाको संख्या २७ हजार ६ सय ९२ छ। तीमध्ये २ वर्ष नाघेका मुद्दा १४ हजार ३ सय पाँच वटा छन् भने ५ वर्ष नाघेका एक हजार दुई सय ९० वटा छन्। ८ वर्षभन्दा बढी समयदेखि विचाराधीन केही मुद्दासमेत अन्तिम निष्कर्षमा पुग्न बाँकी छन्। प्राथमिकताका साथ सुनुवाइ गर्नुपर्ने भनेर किटान गरिएका ८ वर्ष नाघेका मुद्दाको किनारा लाग्न सकेको छैन।

अघ गत आर्थिक वर्षमा १४ हजार ७ सय एक मुद्दा दर्ता हुँदा ११ हजार १ सय १४ मात्र फछ्र्योट भए। अदालतमा मुद्दाको यसरी चाङ लाग्नुमा पूर्वन्यायाधीशहरु विगतको न्यायिक नेतृत्वलाई नै जिम्मेवार ठान्छन्। हरेक न्यायिक नेतृत्वले पुराना मुद्दा शुन्यमा झार्ने घोषणा गर्ने गर्छन्। तर, कतिपय मुद्दा सर्वोच्चले मात्र हेर्ने गरी गरिएको व्यवस्था, अपर्याप्त न्यायाधीशको दरबन्दी र जनशक्ति व्यवस्थापन प्रभावकारी नहुँदा मुद्दा थपिँदै गएको र पुराना फछ्र्योट हुन नसकेको कानुन व्यवसायीको भनाइ छ। नेपाल बार एसोसिएसनका अध्यक्ष विजयप्रसाद मिश्र मुद्दाको चाङ घटाउन सर्वोच्च अदालतमा न्यायाधीशको दरबन्दी थप गर्नुपर्ने बताउनुहुन्छ।

सार्वजनिक सरोकारको रिटको विषय उच्च अदालतमा पनि सुनुवाइ गर्नेगरी प्राथमिकता दिनुपर्ने कतिपयको मत छ। यसैगरी माथिल्लो तहका कानुन व्यवसायी काठमाडौं केन्द्रित भएकाले धेरै विषय सर्वोच्च अदालतमै पुग्ने र धेरै कानुन व्यवसायीले एउटै मुद्दाको बहसमा केन्द्रित हुँदा पनि मुद्दा टुंगो लाग्न धेरै समय लागेको जानकारहरु बताउँछन्। सर्वोच्च अदालतका पूर्वन्यायाधीश ईश्वर खतिवडा भन्नुहुन्छ, 'अधिकार क्षेत्र पनि हो, न्यायधीसको संख्या यसै कम छ, भएको दरबन्दीमा पनि नियुक्ति समयमा हुन सकेको छैन। व्यवस्थापनको समस्याले पनि पुराना मुद्दा प्रभावित भइरहेका छन्। सार्वजनिक सरोकारको रिटको विषयलाई उच्च अदालतमा पनि सुनुवाइ गर्नेगरी प्राथमिकता दिनुपर्छ। संविधानमा सर्वोच्च पुग्ने बाटो अलि खुकुलो भयो कि भन्ने पनि देखिन्छ।'

सर्वोच्च अदालतका पूर्वमुख्यरजिष्ट्रार देवेन्द्रराज ढकाल भन्नुहुन्छ, 'यहि जनशक्तिमा पनि धेरै काम गर्न सकिन्छ, अदालतको मुद्दा व्यवस्थापनमा नियन्त्रण देखिँदैन। एकै मुद्दामा धेरै कानुन व्यवसायी बस्ने र बहसमा पनि लामो समय लिँदा ढिलो हुने गरेको छ। अदालतको क्षेत्राधिकारको विषयममा संविधान धेरै उदार भयो कि भन्ने पनि लाग्छ।' उच्च अदालतका एक मुख्य न्यायाधीशले पनि कान्तिपुरसँगको कुराकानीमा संविधान संशोधन गरेरै भएपनि उच्च अदालतको क्षेत्राधिकारको विस्तार गरिए मुद्दाको चाप केही हदसम्म घटाउन सक्ने बताउनुभयो। यस्तै उच्च अदालतका न्यायाधीशलाई सर्वोच्चमा काजमा ल्याएर पनि पुराना मुद्दाको व्यवस्थापन गर्न सकिने उहाँको भनाइ छ।

मुद्दाको संख्या दिनहुँ थपिने गर्छ। मंगलबारमात्रै सर्वोच्च अदालतमा पाँच सय ८१ मुद्दाको पेसी तोकिएको थियो। तीमध्ये एक सय ९६ वटा मुद्दा स्थगित हुँदा ९५ वटा हेर्न नभ्याइने सूचीमा परे। यसैगरी १५ वटा हेर्न नमिल्नेमा परे भने २ सय ४४ मुद्दामा फैसला हुँदा ३१ वटामा आदेश भयो। दर्ता भएका पाँच सय ८१ मध्ये २ सय ७५ मुद्दाले मात्र सुनुवाइको पालो पाए। तर, देशभरका उच्च अदालतमा दुई वर्ष पुराना मुद्दा शुन्यप्रायः छन्। सर्वोच्चमा पर्ने मुद्दाको चाप र फछ्र्योटमा भएको ढिलाइलाई हेर्दा उच्च अदालतको क्षेत्राधिकार विस्तारको विकल्प नभएको जानकारहरुको मत छ।

## सुशासन, असल...

प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष र नागरिकप्रति उत्तरदायी बनाउने उल्लेख छ। बजेटमा पनि सार्वजनिक सेवा प्रवाह आधारभूत रूपमा प्रयोग गर्दै मालपोत, यातायात, राहदानी, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनजस्ता नागरिक सेवासँग जोडिएको प्रणालीको सुदृढीकरण गर्ने उल्लेख छ। त्यसैले अहिले आम जनताको खोजी भनेकै सुशासन रहेको हो।

सरकारले सय दिनमा सुधारका धेरै कार्य गरिसकेको छ। लाइसेन्स छपाई, राहदानी वितरण, यातायात तथा मालपोतमा हुने सेवा प्रवाहलाई चुस्त बनाएको छ। विद्युतीय कारोबारलाई सबै सरकारी सेवामा लागू गरिसकिएको छ। सरकारबाट भएका कार्यले केही न केही रूपमा आम नागरिकले राहत महसुस गर्न थालिसकेका छन् तर यी सबै कुराबाट अहिले नै शासन सञ्चालनको शैली कस्तो छ र सुधारप्रतिको राजनीतिक इच्छाशक्तिको मूल्याङ्कन गर्न सकिँदैन। लामो समयदेखि थाती रहेको आर्थिक, प्रशासनिक र राजनीतिक समस्याको समाधान सय दिनमै पूर्ण रूपमा लागू नहुने हुँदा यसमा अझै पनि धैर्यताको खाँचो छ।

सरकारको पहिलो सय दिनलाई कार्यसम्पादनको महत्वपूर्ण मापदण्डका रूपमा स्थापित गर्ने श्रेय अमेरिकाको पूर्वराष्ट्रपति फ्याङ्लिन डी रुजबेल्टलाई दिइने गरिएको छ। सरकारका सय दिन हेर्ने अभ्यास उहाँको पालाबाट सुरु भएको मान्ने गरिएको छ। सन् १९३३ को महामन्दीमा उहाँले पहिलो सय दिनमै तीव्र गतिमा कानुनी र प्रशासनिक सुधार अघि बढाउनुभएको थियो। ती दिनमा उहाँले बैंकिङ प्रणाली सुधार गरे भने बेरोजगारी न्यूनीकरणका कार्यक्रम सुरु गर्नुभएको थियो। योसँगै कृषि र उद्योगलाई राहत दिने कानुन, सार्वजनिक निर्माण र रोजगारी सिर्जना गर्ने कार्यक्रम ल्याएर आर्थिक दृटिकोणले देशलाई बलियो बनाउन ठूलो भूमिका खेल्नुभएको थियो। यो नै सरकारको पहिलो सय दिनको मापन गर्ने मानकका रूपमा विकास भयो। तर हामीकहाँ अमेरिकामा भएजस्तो व्यापार सुधार नभए पनि अनुभूत गर्ने सुधारका कार्यहरू भने भएको छन्।

आर्थिक सुशासन पुस्तकका लेखक डा उदय रानामगरले सार्वजनिक सरोकारका विषयहरूमा सरकार वा सरकारी संयन्त्रबाट प्रवाह गरिने सेवा नै सार्वजनिक सेवा भएको उल्लेख गर्नुभएको छ। उहाँले सेवा वितरणमा सार्वजनिक क्षेत्र वा सरकारी निकायको अग्रणी भूमिका रहने, सार्वजनिक सेवाको वितरण प्रभावकारी र जनताको चाहनाअनुसार हुनुपर्ने, कम गुनासो आउने गरी प्रभावकारी रूपमा सेवा प्रवाहको व्यवस्थापन गर्नुपर्ने बताउनुभएको छ। त्यसका लागि सार्वजनिक पदाधिकारीमा ज्ञानको साझेदारी गर्ने संस्कार भएमा मात्रै सेवा प्रवाहमा बढोत्तरी हुन्छ।

सार्वजनिक सेवा प्रवाह गर्ने काम सरकारको प्रमुख कार्यमा पर्दछ। सार्वजनिक सेवाको अन्तिम लक्ष्य भनेको सेवाग्राहीको आवश्यकताअनुसार गुणस्तरीय ढङ्गले सेवा प्रदान गर्नु हो। सरकारको प्रभावकारिता प्रदान गरिने सेवाको गुणस्तर र सेवाग्राहीको सन्तुष्टिमा भर पर्दछ। सार्वजनिक प्रशासन समग्र राजनीतिक प्रणालीको एक हिस्सा भएको हुँदा यसमा सामाजिक, राजनीतिक, आर्थिक, आन्तरिक, बाह्य सबै सन्दर्भहरूको प्रभाव रहेको छ। सरकारको प्रमुख भूमिका नागरिकहरूको शासन, कानुन र मापदण्ड निर्माण र व्यवस्थापन गर्नु हो। सरकारले गर्ने काममा समाजमा सुरक्षा व्यवस्था, कानुनी तवरले समानता, शिक्षा, स्वास्थ्य सेवा, सामाजिक कल्याण, आर्थिक स्रोतको प्रबन्ध, प्रविधिको विकास, पर्यावरणीय संरक्षणजस्ता कार्यहरू पर्दछ।

सार्वजनिक प्रशासनले सार्वजनिक स्रोत र सेवाको व्यवस्थापनमार्फत सरकारी नीति तथा कार्यक्रमको कार्यान्वयनलाई बुझाउँछ। यसले सार्वजनिक नीतिको कार्यान्वयन गर्दछ। विज्ञहरूले कानुनको विस्तृत र व्यवस्थित कार्यान्वयनलाई सार्वजनिक प्रशासन भन्ने गरेका छन्। सार्वजनिक प्रशासनलाई सार्वजनिक मामिलाको व्यवस्थापन पनि भन्ने गरिन्छ। सार्वजनिक निकायहरूको प्रभावकारी सञ्चालनमा सङ्गठनात्मक संरचना, कार्य र प्रक्रियाको महत्वलाई प्राथमिकता दिइन्छ।

सरकारी कार्यालयको ढिलासुस्ती, निर्णय प्रक्रियाको जटिलता र अस्पष्टताका कारण सार्वजनिक सेवा प्राप्त गर्न अनावश्यक झन्झट, राजनीतिक हस्तक्षेप तथा कर्मचारी संयन्त्रमा देखिएको जवाफदेहिताको अभावलाई हटाउनसके मात्रै अशल शासनको कल्पना गर्न सकिन्छ। सरकार फेरिए पनि शासन फेरिँदैन भन्ने धारणा समाजमा गहिरो रूपमा स्थापित भएको कारण विगत लामो समयदेखि सरकार परिवर्तन हुँदा पनि नीति, नियम परिवर्तन हुन सकेनन्। सरकार बदलिए पनि सेवा प्रवाहको शैली, प्रशासनिक संस्कार र संस्थागत कार्यसम्पादनमा अपेक्षित परिवर्तन नआउँदा नागरिकमा देखिएको निराशालाई अब सदाको लागि अन्त्य गर्नुपर्ने समय आएको छ।

सरकार परिवर्तनको अर्थ केबल सत्ताको नेतृत्व लिने अनुहार परिवर्तन हुनुलाई मात्रै बुझाउँदैन। बरु यसले राज्य सञ्चालनको सोच, कार्यशैली र राजनीतिक संस्कारमा आउने परिवर्तनलाई उजागर गर्न सक्नुपर्छ। त्यसैले उत्पादन विस्तार, रोजगारी सिर्जना, निजी तथा सार्वजनिक लगानीको वृद्धि, उद्यमशीलताको प्रवर्द्धन र युवाले देशभित्रै भविष्य देख्ने वातावरण निर्माणजस्ता सूचकमा आम नागरिकले स्पष्ट सुधारको खाका खोजिरहेका छन्। यिनै कारणले सुशासनको बहस प्रशासनिक सुधारमा मात्र सीमित नराखी नागरिकको जीवनस्तर, आर्थिक अवसर र सार्वजनिक सेवाको गुणस्तरमा पनि कार्यान्वयन गर्नुपर्ने देखिएको छ। आमनागरिकले सरकारले दिने सेवा सहज रूपमा प्राप्त गर्न थालेमा, व्यवसाय सञ्चालनमा देखिँदै आएको अवरोध हटेमा, रोजगारीका अवसर बढेमा, आन्तरिक र बाह्य आर्थिक सूचकाङ्कमा सुधार देखेमा मात्रै सुशासन र असल शासनको प्रत्याभूति महसुस गर्न सक्नेछन्।

## मधेस प्रदेश ...

रशमादेवी राम भन्नुहुन्छ, "तब पक्की घर पाएपछि अहिले सबै चिन्ताबाट मुक्त भएको अनुभूति भइरहेको छ।" यो जुनीमा पक्की घरमा सुत्न पाउँछु भन्ने सपना पनि देख्न सकेका थिइनँ, तर पाएकाले असाध्यै खुसी छु, उहाँको भनाइ छ।

सरकारको आवास कार्यक्रमअन्तर्गत पक्की घर पाएपछि लाभग्राही परिवारको जीवनमा उल्लेखनीय परिवर्तन आएको छ। पूर्वाधार विकास कार्यालय सिरहाका सबइन्जिनियर जीवछकुमार यादवका अनुसार आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म सिरहामा तीनवटा आवास कार्यक्रममार्फत ६१२ परिवार लाभान्वित भएका छन्।

यसमध्ये जनता आवास कार्यक्रमबाट ५१२, महेन्द्रनारायण निधि विपन्न आवास कार्यक्रमबाट ६९ तथा विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमबाट ३१ परिवारले पक्की घर पाएका छन्। सिरहाको औरही गाउँपालिकामा मात्रै जनता आवास कार्यक्रमअन्तर्गत ४४७ वटा घर निर्माण गरी हस्तान्तरण गरिएको छ। यसले औरही क्षेत्रका विपन्न समुदायको आवासीय अवस्थामा ठूलो सुधार ल्याएको स्थानीयको भनाइ छ।

यस्तै सप्तरीमा पनि आवास कार्यक्रम प्रभावकारी रूपमा अघि बढेको छ। पूर्वाधार विकास कार्यालय सप्तरीका सबइन्जिनियर रामाकर झाका अनुसार जनता आवास कार्यक्रमबाट ५१५, महेन्द्रनारायण निधि विपन्न आवास कार्यक्रमबाट ५६ तथा विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमबाट १८ गरी ५८९ परिवारले नयाँ घर पाएका छन्।

नयाँ घर पाएसँगै धेरै परिवारले असुरक्षित झुपडी छाडेर सम्मानजनक जीवन सुरु गरेको झाको भनाइ छ। यद्यपि, कार्यक्रम पूर्ण रूपमा सम्पन्न भने भइसकेको छैन। सिरहामा जनता आवास कार्यक्रमअन्तर्गत करिब ४० र महेन्द्रनारायण निधि कार्यक्रमअन्तर्गत २७ घर निर्माणाधीन छन्। सप्तरीमा जनता आवास कार्यक्रमअन्तर्गत ७९१ घर निर्माणको सम्झौता भए पनि हालसम्म ५१५ वटामात्रै सम्पन्न भएका छन्। दुई सय ८८ वटा निर्माणाधीन छन् भने ८८ वटा घरको निर्माण अझै सुरु हुन नसकेको प्राविधिक झा बताउनुहुन्छ।

उहाँका अनुसार महेन्द्रनारायण निधि कार्यक्रमअन्तर्गत सम्झौता भएका ९२ घरमध्ये ५६ सम्पन्न, ३४ निर्माणाधीन र पाँचवटाको काम सुरु हुन बाँकी छ। आवास केवल एउटा भवन होइन, यो परिवारको सुरक्षा, स्वास्थ्य, शिक्षा र सम्मानसँग जोडिएको आधारभूत आवश्यकता हो। पूर्वाधार कार्यालय राजविराज सप्तरीका प्रमुख कृष्णदेव झाले सुरक्षित घर भएपछि बालबालिकाको विद्यालय जाने वातावरण सुधारिएको बताउनुहुन्छ। उहाँका अनुसार महिलाहरूले घरभित्र सुरक्षित रूपमा दैनिक काम गर्न पाएका छन भने वृद्धवृद्धा र अशक्त व्यक्तिका लागि पनि पक्की घरले सहज जीवन प्रदान गरेको छ।

आवास कार्यक्रमले गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरण र मानव विकास सूचकाङ्क सुधारमा समेत सकारात्मक प्रभाव पारेको प्रमुख झा बताउनुहुन्छ। प्रमुख झाका अनुसार जग्गा व्यवस्थापनमा कठिनाइ, बजेट अभाव तथा केही प्रशासनिक प्रक्रियाका कारण आवास कार्यक्रम निर्माणकार्य अपेक्षित गतिमा अघि बढ्न सकेको छैन।

बर्सेनि निर्माण सामग्रीहरूको बजारभाउ अत्यधिक बढे पनि आवास कार्यक्रमहरूको बजेट बढ्न नसक्दा कार्यक्रम सञ्चालन गर्न चुनौती भइरहेको उहाँको भनाइ छ ।

# औषधि लिमिटेडमा मन्त्री यादवको अनुगमन, कर्मचारी र अत्यावश्यक सवारी साधनको बन्दोबस्त मिलाउन निर्देशन



काठमाडौं, ६ साउन। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले नेपाल औषधि लिमिटेडको अनुगमन गरेकी छन्। बुधबार अनुगमन गर्दै संस्थाको वर्तमान अवस्था, उत्पादन क्षमता तथा देखिएका समस्याबारे जानकारी लिएकी हुन्। अनुगमनका क्रममा लिमिटेडका महाप्रबन्धक कैलाश पनेरुले मन्त्री यादवलाई दैनिक अत्यावश्यक औषधि उत्पादन भइरहेका विभिन्न उत्पादन कक्षबारे जानकारी गराए। हाल लिमिटेडले २५ प्रकारका अत्यावश्यक औषधि उत्पादन गर्दै आएको जानकारी दिँदै उनले उत्पादन गरिएका औषधि देशभर पुऱ्याउन आवश्यक सवारीसाधनको अभाव रहेको गुनासो गरे।

महाप्रबन्धक पनेरुले जेनजी आन्दोलनका क्रममा औषधि ढुवानीका लागि प्रयोग हुँदै आएको सवारीसाधन जलेपछि हालसम्म नयाँ सवारीको व्यवस्था हुन नसक्दा वितरणमा समस्या भइरहेको जानकारी गराए। उक्त गुनासो सुनेपछि मन्त्री यादवले मन्त्रालयका सचिव दुवाडीलाई तत्काल आवश्यक सवारीसाधनको व्यवस्था गर्न निर्देशन दिइन्।

सो अवसरमा महाप्रबन्धक पनेरुले वर्षौंदेखि घाटामा रहेको औषधि लिमिटेड यस आर्थिक वर्षमा करिब दुई करोड रुपैयाँ नाफामा जान सफल भएको प्रगति विवरण पनि मन्त्रीसमक्ष प्रस्तुत गरे। नाफामा गएकोमा खुशी व्यक्त गर्दै मन्त्री यादवले अब सरकारी उद्योग तथा संस्थानहरू आत्मनिर्भर बन्नुपर्नेमा जोड दिइन्। 'अब हरेक उद्योग तथा संस्थानले कर्मचारी व्यवस्थापनदेखि कार्यालय सञ्चालनसम्मका खर्च आफैं व्यवस्थापन गर्न सक्नुपर्छ। मन्त्रालयको ढोका धाएर बजेट माग्ने अवस्था अन्त्य हुनुपर्छ यो हाम्रो आफ्नै सम्पत्ति हो। संस्थान नाफामा गए देशको अर्थतन्त्र पनि बलियो बन्छ,' उनले भनिन्, 'आवश्यक परे उत्पादन गरिएको औषधि न्यून नाफामा बिक्री गरौं, तर संस्थाको सम्पूर्ण खर्च आफ्नै आम्दानीबाट धान्ने वातावरण बनाऔं।'

मन्त्री यादवले आगामी पाँच वर्षभित्र मुलुकमा निराशाको भाष्य परिवर्तन गर्ने सरकारको लक्ष्य रहेको उल्लेख गर्दै कर्मचारीलाई इमान्दारीपूर्वक काम गर्न आग्रह गरिन्। 'हामी कम्तीमा पाँच वर्षभित्र यो देशमा केही राम्रो हुन सक्दैन भन्ने धारणा चिर्न चाहन्छौं। त्यसका लागि तपाईंहरूको साथ आवश्यक छ। इमान्दार कर्मचारीले मेहनत गरे डुबेको संस्थान पनि नाफामा जान सक्छ भन्ने उदाहरण यही औषधि लिमिटेड हो। तपाईंहरू निरन्तर मेहनतका साथ काम गर्नुहोस्, मन्त्रालय सधैं साथमा रहनेछ,' उनले भनिन्।

कार्यक्रमका क्रममा महाप्रबन्धक पनेरुले लिमिटेडमा आवश्यक जनशक्तिको अभाव रहेको विषय पनि मन्त्रीसमक्ष उठाए। कर्मचारी संख्या न्यून हुँदा अत्यावश्यक औषधिको उत्पादनसमेत समयमै गर्न कठिनाइ भइरहेको उल्लेख गर्दै आवश्यक कर्मचारी व्यवस्थापनका लागि मन्त्रालयबाट सहजीकरण गरिदिन उनको आग्रह थियो। मन्त्री यादवले प्रस्तुत भएका समस्या समाधानका लागि मन्त्रालय आवश्यक समन्वय र सहजीकरण गर्न प्रतिबद्ध रहेको बताउँदै उत्पादन, सेवा विस्तार र संस्थाको दीर्घकालीन सुदृढीकरणमा विशेष ध्यान दिन निर्देशन दिइन्।

# सडक निर्माणमा भ्रष्टाचार भएको अभियोगमा १० जनाविरुद्ध मुद्दा

काठमाडौं, ६ साउन। सडक निर्माणमा भ्रष्टाचार भएको अभियोगमा कालिकोटको पलाँता गाउँपालिकाका तत्कालीन उपाध्यक्ष दाना न्यौपानेसहित १० जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ। आर्थिक वर्ष २०७५/७६ मा बेल्केढुंगा लेखनवाडा कार्यालय दुर्सी फागोटी सडक निर्माण कार्यका लागि ग्याबिन जालीसहित ढुंगा भर्ने नाममा भ्रष्टाचार गरेकामे दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

आयोगका अनुसार प्राविधिकसमेतको टोलीले स्थलगत नापजाँच गर्दा सकडमा ९३९.५० घनमिटर मात्र ग्याबिन जालीसहित ढुंगा भर्ने निर्माण कार्य गरी २६०.५० घनमिटर कम काम भएको देखिएको निष्कर्ष निकालेको छ। राष्ट्रसेवक कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारी समेतले आफूहरूलाई गैरकानुनी रूपमा लाभ लिने बदनियतले मिलेमतोमा वास्तविक रूपमा फिल्डमा भएको कार्यभन्दा बढी देखाइ भुक्तानी बिल, भरपाइ बनाइ भुक्तानी लिने, दिने कार्य गरी आठ लाख आठ हजार ६८० रुपैयाँ ५७ पैसा भ्रष्टाचार गरेको दाबी आयोगको छ।

भ्रष्टाचार अभियोगमा सजायको माग राखेर गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राज बहादुर बम, तत्कालीन लेखा प्रमुख खिमलाल पुन, तत्कालीन सहायक लेखापाल मुनी प्रसाद प्याकुरेल, तत्कालीन सब-इन्जिनियरद्वय विनोद कुमार बम र नन्द बहादुर सिंह, वडा नं. ९ का अध्यक्ष टक्क बहादुर बम, दुर्सी फागोटी ग्रामीण सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष कुम्भ बहादुर बम, कोषाध्यक्ष सुलक्षिना बम र सचिव कमल बहादुर बमलाई समेत प्रतिवादी बनाइएको छ।

**छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।**

# एक वर्षमा १२ हजारले पाए नागरिकता, सेवामा डिजिटल सुधार

रौतहट, ६ साउन। जिल्ला प्रशासन कार्यालय रौतहटले आर्थिक वर्ष २०८२/८३ मा १२ हजार २७२ जनालाई वंशजका आधारमा नागरिकता र ८ हजार ६०७ जनालाई राहदानी उपलब्ध गराएको जनाएको छ। कार्यालयका अनुसार एक वर्षमा ११ हजार १०० जनाले नागरिकताको प्रतिलिपि, ६३८ जनाले वैवाहिक अंगीकृत नागरिकता तथा ३२ हजार ९९० जनाले राष्ट्रिय परिचयपत्रका लागि दर्ता गरेका छन्। यस अवधिमा २ हजार ६२५ जनालाई राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ।

राहदानी शुल्कबाट मात्रै ५ करोड ८१ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन भएको कार्यालयले जनाएको छ। शान्ति-सुरक्षातर्फ सीमा समन्वय बैठक, सुरक्षा समिति बैठक, कारागार निरीक्षण तथा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्यालयले राहदानी र राष्ट्रिय परिचयपत्रका लागि निःशुल्क फाराम भर्ने व्यवस्था, टोकन प्रणाली, नागरिक सहायता कक्ष, गुनासो व्यवस्थापन, अभिलेख डिजिटाइजेसन, एकद्वार सेवा तथा 'बिचौलिया प्रवेश निषेध' अभियान सञ्चालन गरेको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले जानकारी दिए।

# सडकको बिचमै २ फिटको नाला ह्वाङ्ग, दुर्घटनाको जोखिमले स्थानीय आक्रोशित

जनकपुरधाम, ६ साउन। जनकपुरधाम-९ रामानन्द चोक, साकेतनगरको सडकखण्डमा ढल निर्माण भए पनि सडकको बिचमै भ्वाङ देखिन्छ। उक्त भ्वाङ मुनि नाला छ। त्यसैले उक्त सडक प्रयोग गर्ने पैदल यात्रीदेखि विभिन्न सवारी साधन दुर्घटनाको जोखिममा परेको भन्दै स्थानीयले आक्रोश पोखेका छन्।

नालाको च्याम्बरमाथिको ढक्कन हाल्न ठेकदारले आलटाल गर्दा दिनहुँ दुर्घटनाको जोखिम बढाएको छ। रामानन्द चोक देखि संकटमोचन मन्दिर, देवी चोक हुँदै रेल्वे स्टेशन पुग्न यो बाटो भएर दिनहुँ सयौंको संख्यामा जिप, ई-रिक्सा, मोटरसाइकलको आवतजावत हुने गर्छ।

अहिले सडकको बिच भागमै १ मिटर लामो, आधा मिटर चौडा र करिब २ फिट गहिरो खाल्डो ह्वाङ्ग देखिन्छ। यसरी सडकको बिच भागमा नालामाथिको ढक्कन नहुँदा पैदल यात्रुदेखि सवारी साधन समेतलाई अप्ठ्यारो हुने गरेको छ नै, दुर्घटनाको जोखिम पनि बढेको छ। यो सडक भएर मोटरसाइकल जेनतेन वारपार गरे पनि ईरिक्सा र जिप, कार वारपार गर्न निकै सकस हुने गरेको छ।

स्थानीय अनिल भाले भने, 'सरकारले आर्थिक वर्षको अन्त्यमा बजेट सक्नका लागि हतारमा विकास निर्माण गराउँदाको परिणाम हो यो। ठेकदारले काम गरेको रकम बुझिसक्यो। अब उसलाई के मतलब भयो ? सास्ती त जनताले भोग्ने हो।' उनले ठेकदार र पूर्वाधार विकास कार्यालयको सेटिङमा विकास निर्माणको काम हुँदा जनताले दुःख पाउने बताए। ठेकदार र कार्यालयका साइट इन्जिनियर ज्योति साहसँग यसबारे बुझ्न खोज्दा उनी फोन सम्पर्कमै नआएको भ्काको भनाइ छ।



यो सडकखण्डमै माध्यमिक विद्यालय पनि छ, जसको मुख्य द्वार नै यही सडक खण्डमा पर्छ भने अस्पतालको मुख्यद्वार पनि यही सडकखण्डतर्फ सोझिएको छ। सयौंको संख्यामा विद्यार्थीहरू पनि यही सडक भएर विद्यालय आउनेजाने गर्छन्। स्थानीय संजीव कर्णले भने, 'एक हप्ता अघि वर्षा भइरहेको बेला पानीले ढाकिएको उक्त खण्डमा मोटरसाइकल दुर्घटना भएको थियो। राति बत्ती थिएन, एक्कासि मोटरसाइकल पल्टियो तर चालक सडकतिर उछिट्टिएका कारण बाँच्न सफल भए।'

वडाध्यक्ष परमेश्वर साहले ठेकदारलाई आफूले फोन गर्दा नउठाएको गुनासो गर्दै भने, 'यो विकास निर्माणको नाममा सरासर जनताको साथ ठूलो खेलवाड भएको छ। सम्बन्धित कार्यालयको बदमासी हो।' यसलाई नसच्याउने हो भने जनताको दबाब आफूले पनि थेग्न नसक्ने उनले बताए। यही सडक खण्डमा किराना पसल सञ्चालन गर्ने तपेश्वर साहले स्थानीय एकजुट नहुँदाको परिणामका रूपमा यसलाई टिप्पणी गरे। उनले भने, 'एक त पक्की सडक उप्काएर ढल निकासको नाममा ग्राभेल हालेर सडकको अवस्था यस्तो गरिदियो। त्यसमा पनि मुख्य सडकको बिच भागको च्याम्बरसँगै दायाँबायाँ ढक्कन नहाल्दै ठेकदारलाई निकासा दिनु भनेको लापरवाहीको नमुना हो।'

मधेस सरकारले पूर्वाधार मन्त्रालय मार्फत यो सडकको पक्की भाग उप्काउने र अन्डर ग्राउण्ड ह्युम पाइप राखेर ढल निकासी तथा सडक साइड चेम्बर निर्माणका लागि गत जेठमा टेन्डर आह्वान गरेको थियो। ई-बिडिङ मार्फत आह्वान गरिएको यो कामको ठेक्का स्थानीय मानवी कन्स्ट्रक्सनले हात पारेको थियो। आर्थिक वर्ष सम्पन्न हुन एक साता अघिबाट काम थालेको यो कन्ट्रक्सनले १०/१२ दिनमै काम सम्पन्न गरेको थियो। कन्ट्रक्सनका म्यानेजर विपिन महरासँग यो विषयमा जिज्ञासा लिन खोज्दा उनी सम्पर्कमा आउन चाहेनन्। ठेक्का लगाउने पूर्वाधार विकास कार्यालयका साइट इन्जिनियर ज्योति साह पनि सम्पर्कमा आउन चाहँदिनन्। स्थानीय अनिल भाले भने, 'साइट इन्जिनियर फिल्डमा नआइ कार्यालयमै बसेर मूल्यांकन गरिदिन्छन्। सोही आधारमा बजेट निकासा गरिन्छ, जबकि काम पूरा भएको हुँदैन।'

पूर्वाधार मन्त्रालयले यो सडकको ढल निकासीका लागि १६७ मिटर लम्बाइको कामका लागि ३० लाख बजेट छुट्याएको थियो। सोही ठेक्का मार्फत काम आधाअधुरा काम गरेर ठेकदार पन्छिएको अवस्था छ।

*६ अर्ब ६ ...*

सात लाख ३० हजार, आयकरतर्फ रु दुई अर्ब छ करोड ८२ लाख एक हजार र मूल्यअभिवृद्धि करतर्फ रु एक अर्ब २८ करोड ४० लाख ९९ हजार राजस्व संकलन गरेको छ।

यस्तै ब्याजकरतर्फ रु सात करोड ७८ लाख तीन हजार, बहालकरतर्फ रु पाँच करोड २५ लाख ३७ हजार, स्वास्थ्य जोखिम करतर्फ रु चार लाख ३१ हजार र अन्यतर्फ तीन करोड ४० लाख ८७ हजार राजस्व संकलन भएको प्रमुख गुप्ताले बताए। कार्यालयले अघिल्लो आव २०८१/८२ मा रु चार अर्ब ८८ करोड राजस्व संकलन गर्ने लक्ष्य लिएकामा रु चार अर्ब ९० करोड संकलन गरेको थियो। प्रमुख गुप्ताका अनुसार आव २०८२/८३ मा रु छ अर्ब ८५ करोड ७२ लाख ५५ हजार राजस्व संकलन गर्ने वार्षिक लक्ष्य थियो। सो कार्यालयमा व्यक्तिगत र व्यावसायिक लगायत गरी एक लाख ७३ हजार नौ सय ६८ करदाता रहेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)